# माध्यमिक विद्यालय तहमा शिक्षकको शिक्षण प्रतिको धारणा र अभ्यास

शिक्षाशास्त्र संकाय स्नातकोत्तर तह दोस्रो वर्ष पाठ्यक्रम तथा मूल्याङ्कन
विशिष्टिकरण विषयको आंशिक आवश्यकता
पुरा गर्नको लागि प्रस्तुत
शोधपत्र

शोधकर्ता
विमला नेपाल
परीक्षा रो.नं. : २८००११/२०६६
त्रि.वि. दर्ता नं. ९-२-४२७-१५-२००३

त्रिभुवन विश्वविद्यालय
शिक्षाशास्त्र, केन्द्रीय विभाग
(पाठ्यक्रम तथा मूल्याङ्कन शिक्षण विभाग )
कीर्तिपुर, काठमाडौं
नेपाल
२०६७

माध्यमिक विद्यालय तहमा शिक्षकको शिक्षण प्रतिको धारणा र अभ्यास - विमला नेपाल २०६७

# सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय केन्द्रीय विभाग, कीर्तिपुर, काठमाडौं, स्नातकोत्तर तह दोस्रो वर्ष पाठ्यक्रम तथा मूल्याङ्कन विशिष्टिकरण विषयका छात्रा विमला नेपालले **माध्यमिक विद्यालय तहमा शिक्षकको शिक्षण प्रतिको धारणा र अभ्यास** शीर्षक शोधप्रतिवेदन मेरो निर्देशनमा लेखन कार्य पुरा गर्नु भएकोले आवश्यक मूल्याङ्कनको लागि सिफारिस गर्दछु ।

..............................

उप.प्रा. किरणराम रञ्जितकार

शोध निर्देशक

मिति : २०६७/१२/२२

## **स्वीकृति पत्र**

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय केन्द्रीय विभाग, कीर्तिपुर, काठमाडौं, स्नातकोत्तर तह दोस्रो वर्ष पाठ्यक्रम तथा मूल्याङ्कन विशिष्टिकरण विषयका छात्रा विमला नेपालले **माध्यमिक विद्यालय तहमा शिक्षकको शिक्षण प्रतिको धारणा र अभ्यास** शोध शीर्षकमा शोधप्रतिवेदन तयार गरी आवश्यक मूल्याङ्कन गर्न स्वीकृतको लागि सिफारिस साथ यस समितिमा पेश गर्नु भएकोमा स्वीकृत गरिएको छ ।

**मूल्याङ्कन समिति** **हस्ताक्षर**

सह. प्रा. नारायण बस्नेत ............................
विभागीय प्रमुख
पाठ्यक्रम तथा मूल्याङ्कन शिक्षण विभाग

सह. प्रा. जनार्दन घिमिरे ............................
बाह्य परिक्षक

उप.प्रा. किरणराम रञ्जितकार ............................
शोध निर्देशक

उप.प्रा. विश्ववाला थापा ............................
बाह्य परिक्षक

मिति : २०६७/१२/३०

**कृतज्ञता ज्ञापन**

प्रस्तुत **माध्यमिक विद्यालय तहमा शिक्षकको शिक्षण प्रतिको धारणा र अभ्यास** शीर्षकको शोधपत्र प्रस्तावना लेखन कार्यदेखि प्रतिवेदन लेखन कार्यसम्म आफ्नो अमूल्य सहयोग, सल्लाह, सुझाव एवं निर्देशनका साथै हौसला र प्रेरणा प्रदान गर्नुहुने आदरणीय गुरु उप.प्राध्यापक किरणराम रञ्जितकारज्यू प्रति हार्दिक आभार व्यक्त गर्दछु । यसैगरी शोधपत्र तयारी गर्न आवश्यक सरसल्लाह प्रदान गर्नुहुने आदरणीय गुरु विभागीय प्रमुख सह. प्राध्यापक नारायण वस्नेतज्यू प्रति हार्दिक आभार व्यक्त गर्दछु । साथै यस खोज कार्यका लागि समय-समयमा विभिन्न सल्लाह, सुझाव प्रदान गर्नुहुने विभागका गुरु-गुरुआमा प्रति  हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

शोधपत्र तयार पार्ने क्रममा आवश्यक सूचनाहरू उपलब्ध गराउनुहुने सम्बन्धित विद्यालयका प्रधानाध्यापकहरू, शिक्षकहरू एवं विद्यार्थीहरू प्रति हार्दिक आभार व्यक्त गर्दछु, साथै प्रस्तुत अध्ययन/अनुसन्धान संचालनको क्रममा आवश्यक सल्लाह, सुझाव एवं सहयोग प्रदान गर्नुहुने सम्पूर्ण साथीभाइ एवं शुभचिन्तकहरूमा हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

शोधपत्रलाई मूर्तरूप दिन शोधपत्रलाई टंकण एवं फोटोकपी र वाइन्डिङ गरी आवश्यक सहयोग पुऱ्याउनु हुने सुनेश फोटोकपी तथा कम्प्युटर सर्भिस कीर्तिपुर, पाँगाका सुनेश श्रेष्ठप्रति हार्दिक आभार प्रकट गर्दछु ।

चैत्र ,२०६७ — विमला नेपाल

# शोधसार

यो अध्ययन “माध्यमिक विद्यालय तहमा शिक्षकको शिक्षण प्रतिको धारणा र अभ्यास” शीर्षकमा पाल्पा जिल्लामा रहेका १८ वटा स्रोतकेन्द्रहरू मध्ये भैरवस्थान र कुसुमखोला स्रोतकेन्द्र अन्तर्गत चारवटा सार्वजनिक विद्यालयहरूलाई उद्देश्यमूलक नमुना छनोट विधिको प्रयोग गरी छनोट गरिएको थियो । यी चारवटा विद्यालयका मा.वि. तह, कक्षा ९ मा अध्यापनरत गणित, विज्ञान र सामाजिक अध्ययन विषयका शिक्षकहरूको पृष्ठभूमि पहिचान गर्ने, शिक्षकहरूको शिक्षण प्रतिको धारणा पत्ता लगाउने र शिक्षकहरूको विषयगत अभ्यासको अवस्था पत्ता लगाउने उद्देश्यहरू राखिएको थियो । यी उद्देश्य अनुसार आवश्यक सुचनाहरू संकलन गर्न छनोटमा परेका शिक्षकहरूलाई व्यक्तिगत विवरण फाराम, लिकर्ट विधिको प्रयोग, खुला प्रश्नावलीको प्रयोग गरी अन्तर्वार्ता र विद्यार्थीहरूको लक्षित समूह छलफल गरिएको थियो । यसरी संकलित सूचनाहरूलाई अध्ययनका अनुसन्धान प्रश्न अनुसार विभिन्न शीर्षकहरुमा राखि आवश्यकता अनुसार परिमाणात्मक र गुणात्मक दुइवटै विधिको प्रयोग गरी विश्लेषण र व्याख्या गरिएको थियो ।

यस अध्ययनमा परेका जम्मा १२ जना शिक्षकहरूको पृष्ठभूमिलाई पहिचान गर्दा ११ जना शिक्षकहरूमा मा. वि. तहका लागि चाहिने न्युनतम शैक्षिक योग्यता रहेको र १ जना शिक्षकमा मात्र यस तहकालागि चाहिने शैक्षिक योग्यता भन्दा एक तह तलको शैक्षिक योग्यता रहेको पाइयो । अधिकांस शिक्षकहरू तालिम प्राप्त, कम कार्यानुभव वर्षका तथा युवा अवस्थाका रहेको पाइयो । अध्ययनमा परेका जम्मा १२ जना शिक्षकहरू मध्ये ११ जना शिक्षकहरू ब्राम्हण जातका र १ जना शिक्षक क्षेत्री जातका रहेको पाइयो, तर अन्य जातका शिक्षकहरू नरहेको पाइयो । शिक्षकहरूको शिक्षण प्रतिको धारणा सम्बन्धमा जम्मा १२ जना शिक्षकहरूमध्ये ११ जना शिक्षकहरूमा शिक्षणप्रति सकारात्मक धारणा र १ जना शिक्षकमा शिक्षणप्रति तटस्थ धारणा रहेको पाइयो । विभिन्न पृष्ठभूमि भएका अधिकांस शिक्षकहरूमा शिक्षणप्रति सकारात्मक धारणा रहेको पाइए तापनि शिक्षणप्रति नकारात्मक धारणा भने नरहेको पाइयो । यस अध्ययनमा छनोटमा परेका शिक्षकहरूको विषयगत शिक्षण अभ्यासको अवस्था सम्बन्धमा अधिकांस शिक्षकहरूले कहिलेकाही मात्र शिक्षक निर्देशिकाको प्रयोग गर्ने तथा पाठयोजना लिखित रूपमा कुनै पनि शिक्षकहरूले तयार नगर्ने र मानसिक रूपमा मात्र तयारी गर्ने गरेको अनुमान गर्न सकिन्छ । शिक्षकले कक्षाकोठामा विद्यार्थीको व्यवस्थापन गर्दा परम्परागत समतलीय बसाइ बसालेर गणित विषयका शिक्षकहरूले समस्या समाधान र प्रश्नोत्तर विधि प्रयोग गर्ने, विज्ञान र सामाजिक अध्ययन विषयका शिक्षकहरूले व्याख्यान र प्रश्नोत्तर विधिको प्रयोग गरी शिक्षण गर्ने गरेको पाइयो । शिक्षकहरूले शिक्षण गर्दा शिक्षण सामग्रीहरूको प्रयोग कहिलेकाही मात्र गर्ने गरेको पाइयो । कक्षा शिक्षणको क्रममा अधिकांस शिक्षकहरूले

विद्यार्थीहरूको मूल्याङ्कन गर्दा व्यक्तिगत रूपमा प्रश्न सोध्ने गरेको पाइयो । सवै शिक्षकहरूले विद्यार्थीहरूलाई कक्षा शिक्षणको अन्त्यमा सधै गृहकार्य दिने गरेको पाइयो । साथै अधिकांस शिक्षकहरूले नियमित रूपमा सवै विद्यार्थीहरूको गृहकार्य परीक्षण गर्ने गरेको भए तापनि केही शिक्षकहरूले छड्के रूपमा मात्र केही विद्यार्थीहरूको गृहकार्य परीक्षण गर्ने गरेको पाइएको छ ।

यसरी अधिकांस शिक्षकहरूमा शिक्षणप्रति सकारात्मक धारणा रहेको पाइए तापनि विषयगत शिक्षण अभ्यास क्रियाकलापको क्रममा सवै क्षमता, स्तर र विशेषता भएका विद्यार्थीहरूलाई सक्रिय सहभागी वनाएर प्रभावकारी शिक्षण गर्न नसकेको देखिन्छ । यस्तो अवस्थामा शिक्षकहरूले उपयुक्त शिक्षण योजना, शिक्षण अभ्यास क्रियाकलाप गरी विभिन्न क्षमता, स्तर र विशेषता भएका विद्यार्थीहरूलाई सक्रिय सहभागी बनाई उद्देश्यमूलक शिक्षण सिकाइ गर्न शिक्षणप्रति सकारात्मक धारणा भएका विभिन्न लिङ्ग, जात, धर्मका दक्ष तथा तालिम प्राप्त व्यक्तिहरूलाई समावेश हुनेगरी शिक्षक छनोट गरिनुका साथै शिक्षकहरूमा रहेको शिक्षण प्रतिको सैद्धान्तिक ज्ञान, सीप, धारणालाई व्यवहारमा उतार्ने प्रयास गरे कक्षा शिक्षण कार्यलाई उद्देश्यपूर्ण तथा प्रभावकारी बनाउन सकिनेछ ।

# विषयसूची

**सिफारिस पत्र** I

**स्वीकृति पत्र** II

**कृतज्ञता ज्ञापन** III

**शोधसार** IV

**विषयसूची** VI

**तालिका सूची** IX

**अध्याय एक**

**परिचय**

१.१ अध्ययनको पृष्ठभूमि १

१.२ अध्ययनको समस्या ५

१.३ अनुसन्धान प्रश्नहरू ५

१.४ अध्ययनको उद्देश्य ६

१.५ अध्ययनको औचित्य ६

१.६ अध्ययनको सीमा ६

१.७ परिभाषित शब्दावलीहरू ७

**अध्याय दुई**

**पूर्वसाहित्यको समीक्षा**

२.१ सैद्धान्तिक साहित्यको पुनरावलोकन ८

२.१.१ शिक्षक ८

२.१.२ शिक्षण ९

२.१.३ शिक्षकको शिक्षण प्रतिको धारणा र अभ्यास १०

२.२ प्रयोगात्मक साहित्यको पुनरावलोकन १०

२.३ अवधारणात्मक ढाँचा १२

**अध्याय तीन**

**अध्ययन विधि**

३.१ अनुसन्धान ढाँचा १३

३.१.१ सूचना संकनलको ढाँचा १३

३.२ जनसंख्या र नमुना छनोट १३

३.२.१ जिल्ला छनोट १३

३.२.२ विद्यालय छनोट १४

३.२.३ शिक्षक छनोट १४

३.२.४ विद्यार्थी छनोट १४

३.३ तथ्याङ्कको श्रोत १४

३.४.१ प्राथमिक स्रोत १४

३.२.२ द्वितीय स्रोत १५

३.४ सूचना सङ्कलनका साधनहरू १५

३.४.१ शिक्षकको व्यक्तिगत विवरण फाराम १५

३.४.२ लिकर्ट विधि १५

३.४.३ अन्तर्वार्ता १५

३.४.४ कक्षा अवलोकन फाराम निर्देशिका १५

३.४.५ लक्षित समूह छलफल निर्देशिका १५

३.५ साधनको वैधता १६

३.६ तथ्याङ्कको संकलन प्रक्रिया १६

३.६.१ परिवेश निर्माण १६

३.६.२ शिक्षकको व्यक्तिगत विवरण संकलन १६

३.६.३ अन्तर्वार्ता १६

३.६.४ लिकर्ट विधिको प्रयोग १६

३.६.५ कक्षा अवलोकन १६

३.६.६ लक्षित समूह छलफल १७

३.६.७ सूचनाको वैधता निर्धारण १७

३.७ तथ्याङ्क विश्लेषण र व्याख्या १७

३.७.१ तथ्याङ्कको संगठन र रुपान्तरण १७

३.७.२ तथ्याङ्कको तालिकीकरण १७

३.७.३ तथ्याङ्कको व्याख्या १७


**अध्याय चार**

**सूचनाहरूको विश्लेषण र व्याख्या**


४.१ विद्यालयहरूको सामान्य परिचय १८

४.२ शिक्षकको पृष्ठभूमी पहिचान १९

४.२.१ शैक्षिक योग्यता र तालिमका आधारमा शिक्षकको अवस्था १९

४.२.२ कार्यानुभव वर्षका आधारमा विषय शिक्षकको अवस्था २०
४.२.३ लिङ्गका आधारमा शिक्षकको अवस्था २१
४.२.४ उमेरका आधारमा शिक्षकको अवस्था २१
४.२.५ जात र धर्मका आधारमा शिक्षकको अवस्था २२
४.३ शिक्षकको शिक्षण प्रतिको धारणा २३
४.३.१ विषयगत आधारमा शिक्षकको शिक्षणप्रति धारणा २४
४.३.२ शैक्षिक योग्यताका आधारमा शिक्षकको शिक्षण प्रति धारणा २४
४.३.३ तालिमका आधारमा शिक्षकको शिक्षणप्रति धारणा २५
४.२.४ कार्यानुभवको आधारमा शिक्षकको शिक्षणप्रति धारणा २६
४.२.५ उमेरका आधारमा शिक्षकको शिक्षणप्रति धारणा २७
४.२.६ जातका आधारमा शिक्षकको शिक्षण प्रति धारणा २८
४.४ शिक्षकको विषयगत शिक्षण अभ्यासको अवस्था २८
४.४.१ शिक्षकले शिक्षण गर्दा विषयवस्तु तयारीको अवस्था २९
४.४.१.१ शिक्षक निर्देशिका प्रयोगको अवस्था २९
४.४.१.२ पाठयोजना निर्माणको अवस्था ३०
४.४.२ शिक्षकले शिक्षण गर्दा कक्षाकोठा व्यवस्थापनको अवस्था ३०
४.४.३ शिक्षकले कक्षा शिक्षण गर्दा पाठको सुरुवात ३१
४.४.४ शिक्षकले शिक्षण गर्दा शिक्षण विधि प्रयोगको अवस्था ३२
४.४.५ शिक्षकले शिक्षण गर्दा शिक्षण सामग्री प्रयोगको अवस्था ३५
४.४.६ शिक्षकले कक्षा शिक्षणका क्रममा विद्यार्थी मूल्याङ्कन ३७
४.४.७ शिक्षकले कक्षा शिक्षणका अन्त्यमा गृहकार्य ३९
४.५ शिक्षकको शिक्षण प्रतिको धारणाले शिक्षण अभ्यासमा पारेको प्रभाव ४०

**अध्याय-पाँच**

**प्राप्ति, निष्कर्ष र सुझावहरू**

५.१ प्राप्ति ४१
५.२ निष्कर्ष ४५
५.३ सुझावहरू ४७

**सन्दर्भसामग्री**

**अनुसूची**

## तालिका सूची


| | | | |
|---|---|---|---|
| ३.१ | : | सूचना संकलनको ढाँचा | १३ |
| ४.१ | : | शैक्षिक योग्यता र तालिमका आधारमा शिक्षकको अवस्था | १९ |
| ४.२ | : | कार्यानुभव वर्षका आधारमा शिक्षकको अवस्था | २० |
| ४.३ | : | उमेरका आधारमा शिक्षकको अवस्था | २२ |
| ४.४ | : | जातका आधारमा शिक्षकको अवस्था | २३ |
| ४.५ | : | विषयगत आधारमा शिक्षकको शिक्षणप्रति धारणा | २४ |
| ४.६ | : | शैक्षिक योग्यताका आधारमा शिक्षकको शिक्षणप्रति धारणा | २५ |
| ४.७ | : | तालिमका आधारमा शिक्षकको शिक्षणप्रति धारणा | २५ |
| ४.८ | : | कार्यानुभवको आधारमा शिक्षकको शिक्षणप्रति धारणा | २६ |
| ४.९ | : | उमेरका आधारमा शिक्षकको शिक्षणप्रति धारणा | २७ |
| ४.१० | : | जातका आधारमा शिक्षकको शिक्षणप्रति धारणा | २८ |
| ४.११ | : | शिक्षक निर्देशिका प्रयोगको अवस्था | २९ |
| ४.१२ | : | पाठयोजना निर्माणको अवस्था | ३० |
| ४.१३ | : | शिक्षकले कक्षा शिक्षण गर्दा पाठको सुरुवात | ३२ |
| ४.१४ | : | शिक्षकले कक्षा शिक्षण गर्दा प्रयोग गर्ने शिक्षण विधिहरू | ३३ |
| ४.१५ | : | शिक्षकले शिक्षण गर्दा शिक्षण सामग्री प्रयोग | ३६ |
| ४.१६ | : | शिक्षकले कक्षा शिक्षण गर्दा विद्यार्थी मूल्याङ्कन गर्ने तरिका | ३७ |
| ४.१७ | : | कक्षा शिक्षणको अन्त्यमा गृहकार्य | ३९ |